संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय – जाइका प्राविधिक सहयोग
शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना, दोश्रो चरण (जाइका कोमक्याप – २)

# जाइका कोमक्याप – २ जानकारी-पत्र

अंक ३

मार्च, २०१७ (फाल्गुण, २०७३)



## परियोजना टोलीनेताबाट

- केनिची तानाका

शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना, दोश्रो चरण (जाइका कोमक्याप - २) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (संमास्थाविम) अन्तर्गत सञ्चालित एउटा द्वीपक्षीय परियोजना हो । यो परियोजाना सञ्चालनका लागि जापान अन्तराष्ट्रिय सहयोग नियोग (जाइका) ले प्राविधिक सहयोग उपलब्ध गराएको छ ।

संमास्थाविमसंगको सहकार्यमा कोमक्याप परियोजनाको पहिलो चरण (सन् २०१० देखि २०१४ सम्म) मा सामुदायिक मेलमिलाप सेवालाई स्थानीय निकाय मातहतमा सञ्चालन गराउनका लागि सिन्धुली र महोत्तरी जिल्लाका २० वटा नमुना गाविसहरूमा सञ्चालन गरिएको थियो । यस चरणको उपलब्धी नियाल्दा सामुदायिक मेलमिलाप सेवाले सिमान्तकृत समूहलाई न्यायमा पहुँच अभिवृद्धि गर्नमा सकारात्मक प्रभाव पारेको मात्र नभई स्थानीय विकासका प्रयासहरूलाई गति दिनमा समेत सहयोगी देखियो ।

सामुदायिक मेलमिलापका यस्ता सकारात्मक प्रभावलाई मध्यनजर गर्दै संमास्थाविमले सामुदायिक मेलमिलापलाई देशैभरी प्रसार गराउन निर्णय गर्दै एउटा राष्ट्रिय कार्यक्रम, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, दोश्रो चरण (एलजिसिडिपि-२) मा समावेश गर्‍यो । यस अवस्थामा जाइकाले सामुदायिक मेलमिलापको प्रचार-प्रसार एवं संस्थागत विकासका लागि केन्द्रिय तहमा नीति तथा निर्देशिका तर्जुमा गर्ने कार्यमा सहयोग गर्न जाइका कोमक्याप-२ मार्फत प्राविधिक सहयोगलाई निरन्तरता दियो । परियोजनाको यो दोश्रो चरण सन् २०१५ को जुन महिनादेखि तीन वर्षका लागि कार्यान्वयनमा रहेको छ ।

यो परियोजनाले संमास्थाविमको स्थानीय शासन संरचना अन्तर्गत छानिएका जिल्लाका नमुना गाविस तथा नगरपालिकाहरूमा सामुदायिक मेलमिलापकर्ताहरू तयार गर्न तथा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गराई सामुदायिक मेलमिलाप कार्यान्वयनको अभ्यास गर्न सहयोग गर्दै छ । यसले हालै नेपालमा सामुदायिक मेलमिलाप कार्यान्वयन भएका क्षेत्रहरूको नक्शाङ्कन पनि अद्यावधिक गरेको छ । सूचना आदान-प्रदान, सामुदायिक मेलमिलाप सम्बन्धि जनचेतनामुलक सामाग्रीहरू उत्पादन तथा प्रसारण आदि परियोजनाका अन्य कार्यहरू रहेका छन् । यो समाचारपत्र पनि सूचना आदान-प्रदानको एउटा अंश हो र आशा छ, यो प्रकाशनले सम्बन्धित सरोकारवालाहरूलाई सामुदायिक मेलमिलाप सम्बन्धि केही मात्रामा भए पनि जानकार बनाउने छ ।

परियोजनाका आगामी क्रियाकलापहरू अझ प्रभावकारी रूपमा संचालन गर्नका लागि सम्बन्धित सरोकारवालाहरूबाट रचनात्मक सुझावहरू प्राप्तहुने अपेक्षा राख्दछौं ।

## यस अंकमा


- सामुदायिक मेलमिलाप सम्बन्धि भिडियो नाटक तथा वृतचित्र निर्माण
- गाविस तथा नगरपालिकाहरुको छनोट र जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन
- सामुदायिक मेलमिलापकर्ताहरुको छनोट
- तीन जिल्लाहरुमा सामुदायिक मेलमिलाप आधारभूत तालिम सम्पन्न
- गाविसहरुमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना
- सिन्धुली र महोत्तरीका सरोकारवालाहरुका लागि परामर्श कार्यशाला
- सामुदायिक मेलमिलाप समन्वय बैठक सम्पन्न




धनुषाका सामुदायिक मेलमिलापकर्ताहरु मा. मकवानपुर जिल्ला न्यायाधीशबाट सपथ लिँदै

## सामुदायिक मेलमिलाप सम्बन्धि भिडियो नाटक तथा वृत्तचित्र निर्माण

समुदायस्तरका विवाद समाधानको एक प्रभावकारी उपायको रूपमा नेपालमा सन् २००१ देखि सामुदायिक मेलमिलाप कार्यान्वयन हुँदै आएको छ। संमास्थाविमले जाइका नेपालसंग सहकार्य गरी कोमक्यापको पहिलो चरण (सन् २०१० देखि २०१४ सम्म) कार्यान्वयन गरेपछि मात्र नेपाल सरकारले यो पद्तीलाई आन्तरिकीकरण गर्‍यो ।

यस बीचमा नेपाल सरकारले मेलमिलाप ऐन तथा नियमावलीको तर्जुमा गरी कार्यान्वयनमा रहेको छ । मेलमिलाप परिषद (मेलमिलाप ऐनद्वारा स्थापित निर्देशक निकाय) ले संमास्थाविमलाई स्थानीय निकायहरू मार्फत सामुदायिक मेलमिलाप कार्यान्वयनको व्यवस्थापन गर्ने जिम्मेवारी दिएको छ। सरकारी कार्यक्रम, एलजिसिडिपि-२ अन्तर्गत पनि सामुदायिक मेलमिलापको कार्यान्वयन शुरू भएको छ। संमास्थाविमलाई सामुदायिक मेलमिलाप पद्तीको संस्थागत विकासका लागि जाइका कोमक्याप-२ ले पुन: सन् २०१५ देखि २०१८ सम्म सहयोग गरिरहेको छ ।

यस सन्दर्भमा संमास्थाविमले सामुदायिक मेलमिलापको प्रचार प्रसारका लागि जाइका कोमक्याप-२ को आर्थिक सहयोग र एण्टेना फाउण्डेशनको उत्पादनमा दुइवटा भिडियो नाटक तथा एउटा बृत्तचित्र निर्माण गरेको छ । पहाडी समुदायको प्रचलित विवादलाई विषयवस्तु बनाई छिमेकी नाम गरेको एउटा नाटक सिन्धुली आसपासको क्षेत्रमा छायाङ्कन गरिएको र तराई समुदायमा धेरैजसो देखिने विवादलाई विषयवस्तु बनाइएको परिवार नामको अर्को नाटक महोत्तरीको आसपासको क्षेत्रमा छायाङ्कन गरिएको छ । यी दुवै नाटकहरू करीव २२ मिनेट अवधिका रहेका र यिनले दर्शकहरूलाई सामादायिक मेलमिलाप प्रकृयाको बारेमा जानकारी दिने अपेक्षा राखिएको छ ।

पहिलो खुड्किलो नाम दिइएको वृत्तचित्रमा भने सामुदायिक मेलमिलापको विकासक्रमको बारेमा जानकारी दिँदै यसको प्रकृया एवं फाइदाहरूका बारेमा सम्बद्ध विभिन्न व्यक्तिहरूसंग लिइएको अन्तरवार्ता साथै सामुदायिक मेलमिलापलाई देशैभरी प्रसार गर्नका लागि संमास्थाविमको रणनीति समावेश गरिएको छ ।





श्रव्य-दृश्य नाटकमा अभिनय गर्दै कलाकारहरू

## गाविस तथा नगरपालिकाहरूको छनोट र जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन

संमास्थाविमले जाइका कोमक्याप-२ मार्फत सामुदायिक मेलमिलाप कार्यान्वयनको लागि मोरङ्ग, धनुषा र तनहुँ जिल्ला छनोटपश्चात संमास्थाविम र जाइका कोमक्याप-२ ले संयुक्त रूपमा जिल्लाहरूको भ्रमण गरी स्थानीय विकास अधिकारी (स्थाविअ) एवं सामाजिक विकास अधिकृत (साविअ) हरूसंग अन्तरक्रिया सम्पन्न गर्‍यो । अन्तरक्रियाका क्रममा सम्बन्धित जिल्लाका गाविस तथा नगरपालिकामा सामुदायिक मेलमिलाप कार्यान्वयनको अवस्था प्रस्तुत गरियो । तत्पश्चात जिविसहरूलाई जाइका कोमक्याप-२ मार्फत सामुदायिक मेलमिलापको संमास्थाविम नमुना कार्यान्वयनका लागि गाविसहरू र नगरपालिका (मोरङ जिल्लामा मात्र) छनोट गरिदिन अनुरोध गर्‍यो । भ्रमण टोलीबाट प्राप्त जानकारी एवं अनुरोध अनुसार तीनैवटा जिविसहरूले परियोजनाका लागि गाविसहरू तथा नगरपालिकाको नाम छनोट गरे ।

गाविस तथा नगरपालिकाको छनोटपश्चात जाइका कोमक्याप-२ ले छानिएका प्रत्येक जिल्लाहरूको सदरमुकाममा एकदिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्‍यो । कार्यक्रमका सहभागीहरूमा जिविसबाट स्थानीय विकास अधिकारी, सामाजिक विकास अधिकृत, योजना अनुगमन तथा प्रशासकीय अधिकृत, नगरपालिकाबाट कार्यकारी अधिकृत, वडा सचिवहरू र सामाजिक परिचालकहरू तथा छानिएका गाविसहरूबाट सचिवहरू, सहायक कर्मचारीहरू र सामाजिक परिचालकहरू रहेका थिए ।

अभिमुखीकरण कार्यक्रममा परियोजना व्यवस्थापक तथा संमास्थाविमका उप-सचिव श्री बन्धु प्रसाद बाँस्तोला एवं परियोजनाका सम्पर्क अधिकृत तथा संमास्थाविमका शाखा अधिकृत श्री जनकराज शर्माबाट सामुदायिक मेलमिलापको परिचय, यस सम्बन्धी भएका ऐन-नियम, तर्जुमाको चरणमा रहेको निर्देशिका, अभिलेखीकरण तथा प्रतिवेदनका फारम आदिका बारेमा प्रस्तुतीकरण भएको थियो । सहभागीहरूले संमास्थाविमको मातहतमा सामुदायिक मेलमिलाप कार्यान्वयनका बारेमा, स्थानीयस्तरमा सामुदायिक मेलमिलाप कार्यान्वयनका लागि गाविस तथा नगरपालिकाहरूको भूमिका तथा यस सम्बन्धी अभिलेख व्यवस्थापन एवं प्रतिवेदन प्रणाली आदिका बारेमा प्रस्तोताहरूलाई जिज्ञाशा राखी प्रष्ट भएका थिए ।



जिल्लास्तरीय अभिमुखीकरणका सहभागी, मोरङ

## सामुदायिक मेलमिलापकर्ताहरूको छनोट

सामुदायिक मेलमिलाप कार्यान्वयनका लागि सामुदायिक मेलमिलापकर्ताहरूको मेलमिलाप गर्ने सीप अभिवृद्धि गर्नुपर्ने हुन्छ । संमास्थाविमले तयार गरेको सामुदायिक मेलमिलाप कार्यान्वयन निर्देशिकामा व्यवस्था भएअनुसार प्रत्येक गाविसमा प्रति वडा एकजना, गाविस सहायक तथा सामाजिक परिचालक समेत गरी कम्तिमा ११ जना र नगरपालिकामा प्रत्येक वडाबाट तीनजना, वडा सचिव तथा सामाजिक परिचालकलाई सामुदायिक मेलमिलापकर्ता बनाउनु पर्नेछ ।

जिल्लास्तरीय अभिमुखीकरणपश्चात छानिएका गाविसहरूले स्थानीय राजनैतिक दल तथा सम्बद्ध सरोकारवालाहरूलाई सामुदायिक मेलमिलापका बारेमा अभिमुखीकरण गरी प्रत्येक वडाबाट आवश्यक योग्यता पुगेका एकजनाका दरले सामुदायिक मेलमिलापकर्ताका लागि उम्मेदवार सिफारिस गरेका थिए । यसक्रममा उपयुक्त संख्यामा महिला, स्थानीय बसोवासको आधारमा जातजातीको संख्या आदिलाई पनि विचार पुऱ्याइएको थियो । कुनै गाविसहरूमा वडा नागरिक मञ्चबाट पनि गाविसलाई मेलमिलापकर्ताको उम्मेदवार सिफारिस गरिएको थियो ।

यसरी सिफारिसमा परेका उम्मेदवारहरूलाई जाइका कोमक्याप-२ ले सम्बन्धित गाविस कार्यालयमा आधा दिनको अभिमुखीकरण बैठक सञ्चालन गऱ्यो । बैठकमा जाइका कोमक्याप-२ बाट सामुदायिक मेलमिलापकर्ताका प्रस्तावित उम्मेदवारहरूलाई सामुदायिक मेलमिलाप, सरकारी संयन्त्रमार्फत सामुदायिक मेलमिलाप कार्यक्रम कार्यान्वयनको संरचना, सामुदायिक मेलमिलाप कार्यान्वयनमा गाविस तथा सामुदायिक मेलमिलापकर्ताहरूको भूमिका र जिम्मेवारी, सामुदायिक मेलमिलापकर्ताहरूले स्वयंसेवीरूपमा कार्य गर्नुपर्ने, आदि विषयमा प्रष्ट्याइएको थियो । यसैक्रममा जाइका कोमक्याप - २ ले निकट भविश्यमा सञ्चालन हुने सामुदायिक मेलमिलाप आधारभूत तालिम र तालिमका विषयमा आवश्यक जानकारी दिइएको थियो ।

अभिमुखीकरणपश्चात अधिकांश उम्मेदवारहरूले स्वयंसेवी भई सामुदायिक मेलमिलापकर्ताको रूपमा कार्य गर्न तयार भई प्रतिवद्दता देखाए । सामुदायिक मेलमिलापकर्ता भई कार्य गर्न नसक्ने केही उम्मेदवारको सट्टामा गाविसले अर्को उपयुक्त उम्मेदवार छनोट गर्ने, अभिमुखीकरण गर्ने र तालिममा सहभागी हुन पठाउने जिम्मेवारी लिई सोही अनुसार गरेको थियो ।



तनहुँका सामुदायिक मेलमिलापकर्ताका साथ जाइका कोमक्याप - २ टोली

## तीन जिल्लाहरूमा सामुदायिक मेलमिलाप आधारभूत तालिम सम्पन्न

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र जाइका कोमक्याप-२ ले परियोजना सञ्चालित तीनैवटा जिल्लाहरूका नमुना गाविसहरूबाट छानिएका सहभागीहरूलाई आठदिने सामुदायिक मेलमिलाप आधारभूत तालिम सञ्चालन गऱ्यो । प्रत्येक जिल्लाका लागि एउटाका दरले जम्मा तीनवटा तालिमहरू सञ्चालन गरियो र प्रत्येक जिल्लाका तीनवटै गाविसहरूबाट छानिएका सामुदायिक मेलमिलापकर्ताका उम्मेदवारहरू सहभागी भएका थिए । मोरङ्गको तालिममा दुईजना गाविस सचिवसमेत ३५ जना, तनहुँको तालिममा ३३ जना र धनुषाको तालिममा ३२ जना सहभागीहरूले तालिम प्राप्त गरेका थिए ।

मेलमिलाप परिषदबाट स्वीकृत पाठ्यक्रममा आधारित भई सञ्चालित प्रत्येक आवाशीय तालिममा एकजना प्रमुख प्रशिक्षक, तीनजना प्रशिक्षकहरू र केही अतिथी प्रशिक्षकहरूले तालिमको सहजीकरण गरेका थिए । मेलमिलाप सम्बन्धी सैद्धान्तिक विषयहरूको ज्ञान दिएपछि सहभागीहरूलाई तालिमका प्रशिक्षकहरू तथा व्यवस्थापन समूहको संलग्नतामा विवाद समाधान सम्बन्धी नमुना भूमिका अभिनय गरी देखाइएको थियो । तत्पश्चात सहभागीहरूलाई स-सानो समूहमा विभाजन गरी सामुदायिक मेलमिलापबाट विवाद समाधान गर्ने भूमिका अभिनय गराइएको थियो । यसरी अभ्यास गराउँदा अभिनयको समयमा र अभिनय सकिएपछि प्रत्येक समूहलाई प्रशिक्षकद्वारा पृष्ठपोषण गरिएको थियो ।

तालिमको समयमा सामुदायिक मेलमिलाप सम्बन्धि अनुभव आदान-प्रदानका लागि केही सामुदायिक मेलमिलापकर्ताहरू (मोरङ्ग र धनुषाका लागि) र सामुदायिक मेलमिलापको व्यवस्थापन सम्बन्धि अनुभव बाँड्नका लागि गाविस सचिवहरू (तनहुँका लागि) को सहभागिता रहेको थियो । तालिमको अन्तमा तालिम सञ्चालन भएको जिल्लाका माननीय जिल्ला न्यायाधीशबाट सहभागीहरूलाई मेलमिलापकर्ताको आचारसंहिताको बारेमा जानकारी दिई सामुदायिक मेलमिलापकर्ताको सपथ गराइएको थियो । सहभागी सबै सामुदायिक मेलमिलापकर्ताहरूलाई तालिममा सहभागिताको प्रमाण-पत्र प्रदान गरिएको थियो ।



सामुदायिक मेलमिलाप आधारभूत तालिम, मोरङ

## गाविसहरूमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना

जाइका कोमक्याप-२ परियोजना लागु भएका जिल्लाका जम्मा नौ गाविसहरूमा परियोजनाको सहयोगमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना भएका छन् । सामुदायिक मेलमिलाप आधारभूत तालिम सञ्चालनको लगत्तै भरखरै तयार भएका सामुदायिक मेलमिलापकर्ताहरूलाई मेलमिलाप गराउने सीपको उपयोगका लागि सामुदायिक मेलमिलाप केन्द्रहरू स्थापना भएका हुन् । सामुदायिक मेलमिलाप केन्द्र स्थापना भएका गाविस तथा स्थापना मिति निम्न तालिका अनुसार रहेको छ ।

| जिल्ला | गाविस | मेलमिलाप केन्द्र स्थापना मिति |
|---|---|---|
| मोरङ | मोतिपुर | आश्विन ६, २०७३ |
| | बयरवन | आश्विन ७, २०७३ |
| | याङशिला | आश्विन ८, २०७३ |
| तनहुँ | अरूणोदय | मंशिर ७, २०७३ |
| | गजरकोट | मंशिर ८, २०७३ |
| | रिस्ती | मंशिर ९, २०७३ |
| धनुषा | पौडेश्वर | माघ ५, २०७३ |
| | बघचौडा | माघ ६, २०७३ |
| | यदुकूहा | माघ ७, २०७३ |

सामुदायिक मेलमिलाप केन्द्र स्थापनाका बखत प्रत्येक गाविसहरूमा स्थानीय राजनैतिक दलका नेता, विद्यालयका शिक्षक, गाविसस्थित संघसंस्था तथा कार्यालयका प्रमुखहरू, स्थानीय प्रहरी, वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रका प्रतिनिधिहरूलगायत गाविसका स्थानीय बासिन्दाहरूको उपस्थितीमा सामुदायिक मेलमिलाप केन्द्रको बारेमा जानकारी दिई सामुदायिक मेलमिलापकर्ताहरूको परिचय गराइएको थियो । उद्घाटन कार्यक्रमहरूमा जिल्ला विकास समितिका सामाजिक विकास अधिकृत (तनहुँको एक गाविसमा योजना अनुगमन तथा प्रशासकीय अधिकृत) तथा जाइका कोमक्याप-२ का सदस्यहरूले उपस्थित सहभागिहरूलाई सामुदायिक मेलमिलापको बारेमा जानकारी दिँदै यसले समाजमा सौहार्दता कायम राख्दै समूदायको समग्र विकासमा पार्नसक्ने सकारात्मक प्रभावका बारेमा प्रष्ट पारेका थिए । प्रत्येक गाविसले सामुदायिक मेलमिलापकर्ताहरूको परिचय गराउँदै उनीहरूलाई सामुदायिक मेलमिलापकर्ताको परिचय-पत्र वितरण गरेको थियो ।

कार्यक्रममा जाइका कोमक्याप-२ ले सामुदायिक मेलमिलाप केन्द्र सञ्चालनका लागि आवश्यक आधारभूत सामाग्रीहरू सहयोग गरेको थियो । यसरी उपलब्ध गराइएका सामाग्रीहरू मेलमिलाप केन्द्रको बोर्ड, सामुदायिक मेलमिलापकर्ताहरूको फोटा बोर्ड, टेबल, कुर्सी, दराज, ह्वाइट बोर्ड जस्ता आधारभूत फर्निचरहरू, पानीखाने भाँडाहरू, स्टेशनरी, अभिलेख तथा प्रतिवेदनका फारमहरू लगायत रहेका छन् ।

कार्यक्रमहरूमा स्थानीय दलका नेताहरू तथा सामाजिक कार्यकर्ताहरूले समुदायमा रहेका विवादहरूको समाधानका लागि गाउँमा आएको नयाँ पद्दतीको स्वागत गर्दै गाविसमा यो कार्यक्रम ल्याउन सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गरे । साथै, सामुदायिक मेलमिलाप कार्यक्रम सञ्चालन गर्नका लागि आ-आफ्नो तर्फबाट सहयोग रहने प्रतिवद्दता जनाएका थिए । प्रत्येक गाविसमा सम्बन्धित गाविस सचिवको अध्यक्षतामा कार्यक्रम सञ्चालन भएको थियो ।

## सिन्धुली र महोत्तरीका सरोकारवालाहरूका लागि परामर्श कार्यशाला

संमास्थाविम तथा जाइका कायमक्याप-२ ले २०७३ मंसीरमा सिन्धुली र महोत्तरी जिल्लाका सरोकारवालाहरूसंग संयुक्त रूपमा एक-एकदिने परामर्श कार्यशाला गोष्ठि सञ्चालन गऱ्यो । सिन्धुली र महोत्तरी जिल्ला कोमक्याप परियोजनाको पहिलो चरणमा कार्यक्रम सञ्चालित जिल्लाहरू हुन् ।

सिन्धुली र महोत्तरीका लागि क्रमशः २०७३ को मंसीर २१ र २३ गते धुलिखेलमा कार्यक्रमहरू सञ्चालन गरिएको थियो । कार्यक्रमका सहभागीहरूमा कोमक्याप परियोजनाको पहिलो चरण अन्तर्गत कार्यक्रम सञ्चालित क्षेत्रहरूका जिल्ला विकास समितिका सामाजिक विकास अधिकृत साथै योजना, अनुगम तथा प्रशासकीय अधिकृत, नगरपालिकाबाट कार्यकारी अधिकृत, वडा सचिव तथा सामाजिक परिचालक एवं गाविसहरूबाट गाविस



परामर्श कार्यशालामा सिन्धुलीका सरोकारवालाहरू

सचिव, गाविस सहायक र सामाजिक परिचालकहरू साथै प्रत्येक गाविस र नगरपालिकाबाट सामुदायिक मेलमिलापकर्ताका प्रतिनिधिहरू रहेका थिए । परामर्श कार्यशालामा परियोजना व्यवस्थापक तथा संमास्थाविमका उप-सचिव श्री बन्धु प्रसाद बाँस्तोला र परियोजना सम्पर्क अधिकृत एवं मन्त्रालयका शाखा अधिकृत श्री जनक राज शर्माले नेपालमा मेलमिलाप र सामुदायिक मेलमिलापको विकासका लागि भए-गरेका प्रयासहरूको बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा स्थानीय निकायमार्फत सामुदायिक मेलमिलाप सञ्चालन सम्बन्धी विभिन्न विषयहरूमा सहभागीहरूले उठाएका सवालहरूलाई श्री बाँस्तोलाले प्रष्ट पार्नुभएको थियो । कार्यक्रमको अन्त्यमा सहभागीहरूलाई समूह अभ्यास गराई गाविस/नगरपालिकामा सामुदायिक मेलमिलाप सेवा कार्यान्वयन सम्बन्धी कार्ययोजना बनाइएको थियो ।

यो परामर्श कार्यक्रमको प्रभावको कारण कोमक्यापले सहयोग गरेका सिन्धुलीका अधिकांश गाविसहरूमा र महोत्तरीका केही गाविसहरूमा सामुदायिक मेलमिलाप केन्द्र सञ्चालनका लागि बजेट विनियोजन गरिएको छ ।

## सामुदायिक मेलमिलाप समन्वय बैठक सम्पन्न

संमास्थाविमको अनुरोधमा जाइका कोमक्याप-२ ले कार्तिक २४, २०७३ मा सामुदायिक मेलमिलापका क्षेत्रमा कार्य गर्ने केन्द्रस्तरीय सरोकारवालाहरूसंग आधादिने समन्वय बैठक आयोजना गऱ्यो । कार्यक्रममा सामुदायिक मेलमिलापका क्षेत्रमा कार्य गर्ने विभिन्न संस्थाका प्रमुख तथा प्रतिनिधिहरूलाई सहभागी गराइएको थियो । सामुदायिक मेलमिलापको विकासका लागि विद्यमान मेलमिलाप ऐन तथा नियमावलीमा भएको व्यवस्थामा थप वा परिमार्जनको आवश्यकता बैठकको मुख्य विषय रहेको थियो । कार्यक्रमको क्रममा साथै कार्यक्रम सकिएपछि विभिन्न सहभागीहरूले सामुदायिक मेलमिलापको प्रवर्धनका लागि मेलमिलाप ऐन र नियमावलीमा आवश्यक परिमार्जनका विषयहरू सुझाएका थिए । यसरी प्राप्त सुझावहरूलाई एकिकृत गरी जाइका कोमक्याप - २ ले संमास्थाविम समक्ष पेश गरेको छ ।

परियोजना तथा जानकारी-पत्रका बारेमा सम्पर्कका लागि

शान्ति तथा सौहार्दपूर्ण समाजका लागि सामुदायिक मेलमिलाप क्षमता सुदृढीकरण परियोजना, दोश्रो चरण

(जाइका कोमक्याप - २)

काठमाण्डौ - ११, थापाथली, नेपाल | फोन/फ्याक्स : +९७७ -१ ४१०२११६